# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------------------

ईलाका वन कार्यालय बर्दियाका सहायक वन अधिकृत राजकिशोर प्रसाद स्वर्णकार ले सेवाग्राहीसंग ईलाका वन कार्यालय, बर्दियाबाट कानुन बमोजिम कटान अनुमती लिई कटान पश्चात उक्त काठ/गोलियाको लगत मुल्याङ्कन गर्ने कामका लागी आलटाल गरि लामो समयदेखि विभिन्न बहाना देखाई घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुरबाट खटिई गएको टोलीले निजलाई रु. ६,०००/-(छ हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा, निजलाई बिगो रु. ६,०००/- (छ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता